# साधना लघुवित्त वित्तीय संस्था लि.
## SADHAN LAGHUBITTA BITTIYA SANSTHA LIMITED

क.द.नं. १६९७१३/७३/७४
ने.रा.बैंक/इ.पा./घ/५९/०७४/०७५
पान नं. ६०५९३८४४७

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)


मिति : २०८१/०३/२४

पत्र संख्या : २०८०/८१/६९०
श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषय : एकीकृत कारोवार शुभारम्भ गर्ने जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्था र जिल्ला तनहुँ बन्दीपुर गाउँपालिका वडा नं १, डुम्रेमा रजिष्टर्ड (केन्द्रीय ) कार्यालय रहेको सबैको लघुवित्त वित्तीय संस्था लि. विच एक आपसमा गाभ्ने तथा गाभिने (मर्जर) सन्दर्भमा नेपाल राष्ट्र बैंकवाट मिति २०८१/०३/१३ मा **सम्पदा लघुवित्त वित्तीय संस्था लि.**को नामवाट कारोवार सञ्चालन गर्नेगरी अन्तिम स्वीकृति प्राप्त भई वित्तीय संस्थाको मिति २०८१/०३/२० मा बसेको १३८औं बैठकले मिति २०८१/०३/३० गतेदेखि एकीकृत कारोवार कारोवार शुभारम्भ गर्ने निर्णय गरी सर्वसाधारण तथा सरोकारवालाहरुको जानकारीका लागि मिति २०८१/०३/२४ गतेको कारोवार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरेको ब्यहोरा जानकारी अनुरोध गर्दछौं । साथै "**धितोपत्र दर्ता गराएका संगठित संस्था एक आपसमा गाभ्ने /गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका** , २०७९" को दफा ९ मा भएको ब्यवस्था बमोजिम एकीकृत कारोवार भएको मिति देखि लागू हुने गरी संस्थाको शेयर कारोवार रोक्का राख्ने ब्यवस्था मिलाईदिनु हुन अनरोध गर्दछौं ।

**संलग्न**
कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको प्रतिलिपि थान १

भवदीय,

..............
रेशम न्यौपाने
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत

<u>बोधार्थ</u>
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाडौं
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।
श्री मुक्तिनाथ क्यापिटल, नारायणचौर, काठमाडौं ।

# साधना लघुवित्त वित्तीय संस्था लिमिटेड र सबैको लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि 'सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड' को नामबाट एकीकृत वित्तीय कारोवार शुभारम्भ गरिने वारे अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०३/२४ गते सोमबार)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तर कार्यक्षेत्र भएका दुबै वित्तीय संस्था **साधना लघुवित्त वित्तीय संस्था लिमिटेड**, गोरखा नगरपालिका वडा नं. ६, हरमटारी गोरखा र **सबैको लघुवित्त वित्तीय संस्था लिमिटेड**, बन्दिपुर-१, डुम्रे, तनहुँ एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा दुईवटै वित्तीय संस्थाहरुको मिति २०८०/११/१९ गते छुट्टाछुट्टै सम्पन्न सातौं वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०३/१३ गते प्राप्त पत्रबाट दुबै संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य गर्न अन्तिम स्वीकृति प्राप्त भएको हुँदा साधना लघुवित्त वित्तीय संस्था लिमिटेड र सबैको लघुवित्त वित्तीय संस्था लिमिटेड गाभ्ने/गाभिने (मर्जर) पूर्व अन्तिम दिनसम्म कायम रहेको सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरु गाभ्ने/गाभिने (मर्जर) पश्चात बन्ने संस्था सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडले ब्यहोर्ने सकार्ने गरी गाभ्ने/गाभिने (मर्जर) कार्यका लागि स्वीकृति प्राप्त भएको हुँदा एक आपसमा गाभ्ने/गाभिने (मर्जर) पश्चात बन्ने संस्थाको नाम "घ" वर्गको राष्ट्रियस्तरको **"सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड"** अंग्रेजीमा **"Sampada Laghubitta Bittiya Sanstha Limited"** को नामबाट **मिति २०८१ आषाढ ३० गते आइतबार देखि** एकीकृत कारोबार शुभारम्भ गरिने ब्यहोरा समस्त ग्राहक सदस्य, शेयरधनी, नियमनकारी निकाय तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् वित्तीय संस्थाको केन्द्रीय कार्यालय हाल सबैको लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय रहेको स्थान बन्दिपुर गाउँपालिका वडा नं. १, डुम्रे, तनहुँमा रहने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।

साथै, २०८१ साल आषाढ ३० गतेदेखि दुबै संस्थाको एकीकृत कारोबार शुरु गरिने भएको हुँदा Data Migration प्रयोजनका लागि २०८१ साल आषाढ २९ गतेका दिन दुई वटै वित्तीय संस्थाद्वारा प्रदान गर्दै आईरहेको सम्पूर्ण बैंकिङ्ग कारोबार बन्द रहने ब्यहोरा समस्त ग्राहक सदस्य, नियमनकारी निकाय तथा सम्बन्धित सबै सरोकार वालाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। यसबाट ग्राहक सदस्यमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं।

मर्जर कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनीहरु, सम्पत्ति दायित्व मूल्यांकनकर्ता, नियमनकारी निकायका पदाधिकारी लगायत प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवालाहरु प्रति साधना लघुवित्त वित्तीय संस्था लिमिटेड र सबैको लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट हार्दिक आभार ब्यक्त गर्न चाहन्छौं।

**साधना लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Sadhana LaghubittaBittiyaSanstha Limited**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय: गोरखा-६, हरमटारी, गोरखा
फोन नं.: ०६४-४२०५०३
Email: info@sadhanalaghubitta.com.np
Website: www.sadhanalaghubitta.com.np

**सबैको लघुवित्त वित्तीय संस्था लि.**
**Sabaiko Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बन्दिपुर-१, डुम्रे, तनहुँ
फोन नं.: ०६५-५८०४०७, ५८०४२७
Email: info@sabaikolaghubitta.com
Website: www.sabaikolaghubitta.com